# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्धारा प्रकाशित

खण्डः ९  संख्याः १३  मिति : ३० कात्तिक २०८२ साल

भाग-१

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

बागमती नगरपालिकाको नगर कार्यपालिकाले निम्न लेखिए बमोजिमको (बागमती नगरपालिका कृषि/पशु एकीकृत कृषि फर्म तथा समूह दर्ता कार्यविधि, २०८२) सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

संवत् २०८२ सालको कार्यविधि नं.१३

# बागमती नगरपालिका कृषि/पशु एकीकृत कृषि फर्म तथा समुह दर्ता कार्यविधि,२०८२

**नगर सभाबाट स्वीकृत मिति : २०८२/०९/२८**

## १.पृष्ठभूमि

कृषि/पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखी बाट व्यवसायीकरणमा परिणत गर्न र लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। यसका लागि कृषि पशुपंछीको उत्पादन प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुचाउन र कृषि/पशु व्यवसायलाई आर्थिक उपार्जन,स्वरोजगार प्रबर्द्धन एवं गरिवी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुचाउनुका साथै बैदेहिक पलायनलाई निरुत्साहित गरी यस नगरपालिकामा कृषि तथा पशु व्यवसायको माध्यबाट हाम्रो नारा **"स्वास्थ, शिक्षा, कृषि र रोजगार समृद्ध बागमती पर्यटन र पुर्वधार"** लाई सफल पार्नुका साथै यस नगरपालिकाको विभिन्न निति तथा कार्यक्रमलाई सहज,सरल,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न बागमती नगरपालिका नगरसभाले कृषि/पशु एकीकृत कृषि फर्म तथा समुह दर्ता कार्यविधि,२०८२ जारी गरेको छ।

## २.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) नगरपालिका भन्नाले बागमती नगरपालिकाकालाई सम्झनु पर्दछ।

(ख) शाखा भन्नाले एकीकृत कृषि तथा पशु सेवा केन्द्र सम्झनु पर्दछ।

(ग) कार्यालय भन्नाले बागमती नगरपालिकाको कार्यालय सम्झनु पर्दछ।

(घ) समूह भन्नाले १५ र सो भन्दा बढी कृषकहरु संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई सम्झनु पर्दछ।

(ङ) निजि फर्म भन्ननले एकल वा साझेदारी स्वामित्वमा रही यस शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ।

(च) कार्यविधि भन्नाले कृषि/पशु एकीकृत कृषि फर्म तथा समुह दर्ता कार्यविधि २०८२ सम्झनु पर्दछ।

## ३. उद्देश्यहरु

(क) कृषि/पशु सेवा शाखाका कार्यक्रम संचालन सहयोग पुचाउने।

(ख) नगर सभाबाट विनियोजित रकमलाई पारदर्शी वनाई संचालन गर्न सहयोग पुग्ने।

(ग) संभाव्यता हेरी कार्यक्रम प्रसारा सहयोग पुचाउने।

(घ) नगरपालिकालाई दुध,मासु,अण्डा तरकारी तथा फलफुल उत्पादनमा,आत्मनिर्भर भई निर्यात गर्न सहयोग गर्ने।

(ङ) कृषि पशु व्यवसायको उद्यमशिलता प्रबर्द्धन एवं व्यवसायिकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्ग सम्म पुचाउन सहयोग रुवरुप प्रदान गर्ने।

(च) कृषि तथा पशु व्यवसायलाई प्रभावकारी तरिकाले सञ्चालन गर्ने ।

**४.पशुपन्छी फर्म दर्ताको मापदण्ड :**

(क) गाई भैसीको हकमा ५ वा ५ भन्दा बढी वटा गाई/भैसी पालन तथा ठुला पशु पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

(ख) बाख्राको १० वा १० भन्दा बढी वटा भन्दा माथि स्थानिय माउ बाख्रा पालन गरि व्यवसाय शूरु गरेका फार्मलाई मानिनेछ ।

(ग) बंगुरको पाठापाठी उत्पादनको लागि भए ५ वा ५ भन्दा माथि माउ र मासु उत्पादनको लागि भए १० वटा बंगुर पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ ।

(घ) पक्षिं तथा पंक्षिं जन्यको २०० वा २०० वटा भन्दा माथि बोईलर र लेयर्स कुखुरापालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ । टर्की,कालिज, बट्टाईको हकमा ५० भन्दा माथि पालेको हुनु पर्नेछ ।

**५. कृषि फर्म दर्ता न्यून्तम मापदण्ड**

(क) खुल्ला जग्गामा कम्तिमा ५ कठ्ठामा तरकारी तथा खाद्यान्न खेती गरेको ।

(ख) फलफूलको लागि कम्तिमा ५ कठ्ठामा खेती गरेको ।

(ग) टनेल भित्र तरकारी खेतिको लागि ५ वटा प्लाष्टिक टनेलमा खेति गरेको ।

(घ) मौरीको लागि २५ वटा घार भएको ।

(ङ) च्याउको लागि ५ वटा घर भएको ।

(च) माछाको लागि ५०० वर्गमिटर पोखरी भएको ।

**६. एकीकृत कृषि फर्म दर्ताको न्यूनतम मापदण्ड तलका मध्य कुनै २ वा २ भन्दा बढी प्रकारको खेति गरेको भएमा एकीकृत कृषि फर्म दर्ता गर्न सकिने छ ।**

(क) खुल्ला जग्गामा कम्तिमा ३ कठ्ठामा तरकारी तथा खाद्यान्न खेति गरेको ।

(ख) फलफुलको लागि कम्तिमा ३ कठ्ठामा जग्गामा खेति गरेको ।

(ग) टनेल भित्र तरकारी खेतिको लागि ३ कठ्ठामा जग्गामा खेति गरेको ।

(घ) मौरीका लागि १५ वटा घार भएको ।

(ङ) च्याउको लागि ३ वटा च्याउ घर भएको ।

(च) माछाको लागि २५० वर्गमिटर पोखरी भएको ।

**७. एकीकृत कृषि तथा पशु फर्म दर्ताको न्यूनतम मापदण्ड कम्तिमा नम्बर बुँदामा उल्लेख भएका मध्य कुनै १ वा १ भन्दा बढी प्रकारको पशुपन्छी पालन र ६ नम्बर बुँदामा उल्लेख भएमा मध्य कुनै १ वा १ भन्दा बढी प्रकारको खेति संयुक्त रुपमा गरेको भएमा एकीकृत कृषि तथा पशु फर्म दर्ता गर्न सकिने छ ।**

**८. समुह दर्ताको न्यूनतम मापदण्ड १५ वा सो भन्दा बढी कृषकहरु संगठित भई कुनै बिशेष काम जस्तै बाखापालन,गाई भैसीपालन,कुखुरा पालन,तरकारी खेति, फलफुल खेति गरिरहेको समूहलाई दर्ता प्रक्रियामा लगिने छ ।**

**९.कृषि पशु एकीकृत कृषि फर्म तथा समूह दर्ता प्रक्रिया**

**(१) कृषि/पशु समूहको लागि :**

(क) १५ र सो भन्दा बढी सदस्यको समुह गठन ।

(ख) समूह गठन सम्बन्धि बैठकको निर्णय ।

(ग) समूह दर्ताको लागि समूहबाट जिम्मेवारी किटान भएको नाम सम्बन्धित निर्णय ।

(घ) समूह दर्ता गरि पाउँ भन्ने निवेदन ।

(ङ) समूहको विदान २ प्रति ।

(च) समूह सदस्यहरुको व्यक्तिगत विवरण ।

(छ) समूह सदस्यहरुको नागरिकताको प्रतिलिपी ।

(ज) वडा कार्यालयको सिफारिस ।

(झ) समूहको छाप ।

**(२) कृषि /पशु एकीकृत कृषि फार्मको दर्ताको लागि :**

(क) फर्म दर्ता निवेदन ।

(ख) नागरिकताको प्रतिलिपी ।

(ग) प्रति पासपोर्ट साईजको फोटो ।

(घ) चारकिल्ला प्रमाणित सर्जमिन पत्र ।

(ङ) जग्गा धनि पुर्जा वा भाडामा भए सोको सम्झौता पत्र ।

(च) जग्गा संयुक्त नामको भएमा स्वघोष्णा र मञ्जुरीनामा ।

(छ) फर्मको छाप ।

(ज) राजस्व शाखामा राजस्व बुझाएको रसिद ।

(झ) सम्बधित वडाको सिफारिस ।

१०.यस नगरपालिका भित्र कृषि तथा पशुपालन पेशा गर्दै आएका अगुवा कृषक/व्यवसायीहरुले आफ्नो व्यवसाय नगरपालिकामा दर्ता गर्न यसै कार्यविधिको दफा ९ र १० बमोजिमको विवरण संलग्न राखि अनुसूचि १ बमोजिम निवेदन दिनु पर्ने छ। सो सम्बन्धमा कृषि तथा पशु शाखाबाट फिल्ड अवलोकन गरि प्रमुख प्रशासकीय अधिकृत वा शाखा प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने छ ।

११.एकीकृत कृषि/पशु फर्म तथा समुहलाई कृषि पशु सेवा शाखाले अनुसूचि २ बमोजिमको ढाँचामा प्रमाण पत्र उपलब्ध गराउने छ ।

१२. दर्ता भएका एकीकृत कृषि/पशु फर्म तथा समुहले प्रत्येक १ वर्षमा नविकरण गर्नु पर्ने छ ।

१३. एकीकृत कृषि/पशु फर्म तथा समुहको समय समयमा अनुगमन गरिने छ र कानुन विपरित कामकाज गरेको पाईएमा तुरुन्त कारबाही प्रक्रियामा लगिने छ ।

१४. यो कार्यविधि बागमती नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

# अनुसूची – १

श्रीमान शाखा प्रमुख ज्यू,
बागमती नगरपालिकाको कार्यालय
कृषि विकास शाखा,सर्लाही ।

विषय : फार्म दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस बागमती नगरपालिका वडा नं.... मा मैले............ क्षेत्रफलमा मिति :................देखि ....................बाली खेति गर्दै आईरहेको वा मिति : ...................... भित्रमा ...................... क्षेत्रफलमा व्यवसायीक रुपमा..................... बाली खेति गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु................................. को कारोबार हुने गरी ................................................. नामको फार्म दर्ता गरी पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी फार्म दर्ताको लागि यो निवेदन पेश गरेको छु ।

संलग्न कामजातहरु

- ✓ निवेदन
- ✓ नेपाली जागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- ✓ २ प्रति पासर्पोट साईजको फोटा
- ✓ चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- ✓ जग्गा धनि पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा भए स्वघोष्णा/मञ्जुरीनामा
- ✓ राजस्व खातामा राजस्व बुझाएको रसिद
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस
- ✓ न्यूनतम मापदण्ड अनुसार व्यवसाय दर्ता/नविकरणको लागि कृषि/पशु सेवा प्राविधिकको स्थलगत अनुगमन प्रतिवेदन

निवेदक

हस्ताक्षर :

नाम :

ठेगाना :

सर्म्पक नं.

अनुसूची. २

# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
**बागमती-५,राजघाट,सर्लाही ।**

कृषि/पशुपंक्षी व्यवसायिक फार्म दर्ता प्रमाण पत्र

१.दर्ता नं. :- दर्ता मिति :

२.फार्मको :-

३.जम्मा पुँजी :-

४.फार्म सञ्चालकको नाम :-

५.फार्मको उद्देश्य :-

६.फार्म रहने ठेगाना :- जिल्ला :- सर्लाही बागमती नगरपालिका वडा नं. टोल :

७.खेति गरिने जमिनको क्षेत्रफल :-

८.जम्मा पशु /पंक्षिको संख्या :-

माउ :- ..................................... पाठापाठी/पाडापाडी/वाच्छा वाच्छी :....................

अन्य :

.................... ..............................

**कृषि शाखा प्रमुख** **प्रमुख प्रशासकीय अधिकृत**

बागमती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# कृषि विकास शाखा

बागमती-५ राजघाट,सर्लाही ।

## विवरण

| सि.न | नविकरण मिति | चालु पुँजि वार्षिक आर्थिक कारोवार | कर रकम रु | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्रमाणीकरण मिति २०८२/०९/२९**

**आज्ञाले**
**श्री प्रतीत भण्डारी**
**प्रमुख प्रशासकिय अधिकृत**